आयोग Tayari
Current Affairs

www.aayogtayarinepal.com

Monthly e-Book

# आयोग तयारी समसामयिक

२०८१ साउन


राष्ट्रिय समसामयिक ... 3

- सोलुखुम्बुमा हिमताल बिस्फोट ... 3
- 'बेइजिङ प्लस ३०' को राष्ट्रिय महिला सम्मेलन सम्पन्न ... 3
- सङ्क्रमणकालीन न्यायसम्बन्धी (टीआरसी) विधेयक प्रतिनिधि सभाबाट पारित ... 3
- कार्यसम्पादन मुल्यांकनमा रुपन्देही जिल्ला प्रशासन कार्यालय उत्कृष्ट ... 4
- बालबालिका सम्बन्धि तथ्यांक सार्वजनिक ... 4
- नुवाकोटमा हेलिकप्टर दुर्घटना ... 4
- सुदूरपश्चिमको मुख्यमन्त्रीमा कमलबहादुर शाह नियुक्त ... 4
- हाल प्रदेशका मुख्यमन्त्री र नियुक्ती मिति ... 5
- प्रदेश प्रमुख र नियुक्ती मिति : ... 5
- मिस नेपाल वर्ल्ड २०२४ : आस्माले जितिन उपाधि ... 5
- बागमती, लुम्बिनी र कर्णालीमा प्रदेश प्रमुख फेरिए ... 6
- लीलादेवी गड्तौला बनिन् पहिलो महिला मुख्यसचिव ... 6
- योजना आयोगको उपाध्यक्षमा शिवराज अधिकारी नियुक्त ... 6
- त्रिभुवन विमानस्थलमा सौर्य एयरलाइन्सको जहाज दुर्घटना , १८ जनाको मृत्यु ... 6
- मौद्रिक नीति २०८१/८२ : यस्ता छन् नयाँ प्रावधान ... 7
- गायक लक्ष्मीप्रसाद (एलपी) जोशीको निधन ... 8
- नेपाल राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्को एशिया—प्रशान्त क्षेत्रको उपाध्यक्ष निर्वाचित ... 8
- प्रधानमन्त्री ओलीले पाए विश्वासको मत ... 8
- नेपाल र किरिबाटि बीच कुटनीतिक सम्बन्ध स्थापना ... 8
- रमेश बडाल महान्यायधिवक्ता नियुक्त ... 9
- मुस्ताङमा भेटियो नयाँ प्रजातिको चरा ... 9
- आ.व. २०८०/८१ मा सार्वजनिक ऋणको अवस्था ... 10


Aayog Tayari

➢ शक्तिशाली पासपोर्ट सूचीमा नेपाल ९८ औं स्थानमा ..... 10

अन्तराष्ट्रिय समसामायिक ..... 11

➢ पाएटोङ्गटार्न सिनावत्रा थाइल्यान्डको प्रधानमन्त्रीमा नियुक्त ..... 11

➢ बंगलादेशमा राजनीतिक संकट : हसिनाको राजिनामा ..... 11

➢ एमपक्स को प्रकोप फैलिएपछि WHO द्वारा आपतकालको घोषणा ..... 11

➢ ब्राजिलको साओ पाउलोमा विमान दुर्घटना ..... 12

खेलकुद समसामयिक ..... 12

➢ यूईएफए सुपर कपको उपाधि रियललाई ..... 12

➢ पेरिस ओलम्पिक २०२४ : अमेरिकाले जित्यो सर्वाधिक पदक ..... 13

➢ काभा महिला भलिबल नेशन्स लिगकाे उपाधि भारतलाई ..... 14

➢ नेपालले जित्यो काभा महिला बिच भलिबलको उपाधि ..... 14

➢ २०२५ र २०२७ को एसियाकप आयोजक छनोट ..... 15

दिवस र नाराहरु ..... 15

➢ अन्तराष्ट्रिय युवा दिवस २०२४ ..... 15

➢ ३० औं अन्तर्राष्ट्रिय आदिवासी दिवस २०२४ ..... 15

➢ राष्ट्रिय भू-संरक्षण दिवस २०८१ ..... 16

➢ विश्व स्तनपान सप्ताह २०२४ ..... 16

➢ बाँसुरी दिवस २०८१ ..... 16

➢ अन्तराष्ट्रिय मित्रता दिवस २०२४ ..... 17

➢ चौथो कोदो दिवस २०८१ ..... 17

➢ मानव बेचबिखन विरुद्धको अन्तराष्ट्रिय दिवस २०२४ ..... 17

➢ अन्तराष्ट्रिय बाघ दिवस २०२४ ..... 18

➢ विश्व हेपाटाइटिस दिवस २०२४ ..... 18

पुरस्कार र सम्मान ..... 18

➢ प्रकाश मानव अधिकार पुरस्कार २०८१ ..... 19

➢ थिन्लेले जितिन बोक्कालिनो डिओर पुरस्कार ..... 19

➢ विभिन्न व्यक्तित्वको निधन मिति ..... 19

Aayog Tayari

# राष्ट्रिय समसामयिक

## सोलुखुम्बुमा हिमताल बिस्फोट

**सोलुखुम्बुमा हिमताल बिस्फोट भएको छ**

- **कहिले ? : २०८१ श्रावण ३२**
- **खुम्बु पासाङ ल्हामु गाउँपालिका—५ थामे, सोलुखुम्बुमा** सोहि आसपास रहेको एउटा हिमताल फुट्दा १४ घर बगाएको हो

**हिमताल र जोखिम :**

- अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) ले २०७७ सालमा गरेको संयुक्त अध्ययनमा **४७ वटा हिमताल उच्च जोखिममा** रहेको भनिएको थियो । त्यसमध्ये **२५ वटा चीन, २१ वटा नेपाल र एउटा भारतमा** पर्छ (नेपालमा क्षति पुर्याउन सक्ने हिमतालहरु)
- इसिमोडको अध्ययन अनुसार सन् २०२२ सम्ममा **नेपालमा ३ हजार ६२३ हिमतालहरु** थिए ।

## 'बेइजिङ प्लस ३०' को राष्ट्रिय महिला सम्मेलन सम्पन्न

**बेइजिङ प्लस ३० को राष्ट्रिय महिला सम्मेलन सम्पन्न भएको छ**

- **कहिले ? : २०८० श्रावण ३२**
- यो बेईजिङ प्लस ३० को समिक्षा सम्मेलन हो
- **सन् १९९५ मा** चीनको राजधानी बेइजिङमा भएको संयुक्त राष्ट्रसङ्घीय **चौथो विश्व महिला सम्मेलन**ले महिलाको मानव अधिकार, महिला र बालिकाको सशक्तिकरणसँग सम्बन्धित बेइजिङ घोषणा र कार्यमञ्चले १२ वटा सरोकारका सवालहरू पारित गरेको थियो ।

## सङ्क्रमणकालीन न्यायसम्बन्धी (टीआरसी) विधेयक प्रतिनिधि सभाबाट पारित

**सङ्क्रमणकालीन न्यायसम्बन्धी (टीआरसी) विधेयक प्रतिनिधि सभाबाट पारित भएको छ**

- **कहिले ? : २०८१ श्रावण ३०**
- **'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयक÷** लाई प्रतिनिधि सभाले पारित गरेको हो
- द्वन्दकालिन मुद्धालाई किनारा लगाउन महत्वपूर्ण मानिएको यो विधेयकमा राजनीतिक सहमति जुटेसंगै पारित भएको हो
- अब राष्ट्रिय सभाले समेत पारित गरि राष्ट्रपतिबाट प्रमाणीकरण भएपछी विधेयकले ऐनको रुप लिनेछ

## कार्यसम्पादन मुल्यांकनमा रुपन्देही जिल्ला प्रशासन कार्यालय उत्कृष्ट

**कार्यसम्पादन मुल्यांकनमा रुपन्देही जिल्ला प्रशासन कार्यालय उत्कृष्ट भएको छ**

- **गृह मन्त्रालयसँगको कार्यसम्पादन सम्झौता अनुसार** बढी अंक प्राप्त गर्दै जिल्ला प्रशासन कार्यालय रुपन्देही देशकै उत्कृष्ट बनेको छ ।
- जिल्लामध्ये जिल्ला प्रशासन कार्यालय रुपन्देहीले ९८ अङ्कसहित पहिलो स्थान हासिल गरेको हो

**कार्य सम्पादनमा उत्कृष्ट ५ जिल्ला प्रशासन कार्यालयहरु :**

- रुपन्देही **(९८ अंक)**
- पाल्पा **(९७.७५)**
- बाग्लुङ **(९७.६२)**
- पश्चिम रुकुम **(९७.५०)**
- मकवानपुर र पर्वत **(९७.३७)**

## बालबालिका सम्बन्धि तथ्यांक सार्वजनिक

**राष्ट्रिय जनगणना २०७८ अन्तर्गत बालबालिका (१८ बर्ष भन्दा मुनि) सम्बन्धि तथ्यांक सार्वजनिक भएको छ**

- बालबालिकाको संख्या : **९८,६९,५८३ (जम्मा जनसंख्याको ३३.८%)**
- बालक : **५१,१४,५०५ (५१.८%)**
- बालिका : **४७,५५,०७८ (४८.२%)**
- नेपालमा जम्मा परिवार संख्या : **६६,६०,८४१**
- बालबालिका भएका परिवार : **७१.३%**
- बालबालिकानै नभएका परिवार : **२८.७%**
- बालबालिका परिवारमुली भएका परिवार संख्या : **३१,५१२**
- पछिल्लो १० वर्षमा बालबालिकाको संख्या : **१०.९% ले घटेको**

## नुवाकोटमा हेलिकप्टर दुर्घटना

**नुवाकोटमा एअर डाइनेस्टीको हेलिकप्टर दुर्घटना भएको छ**

- कहिले ? : **२०८१ श्रावण २३**
- **नुवाकोटको शिवपुरी-७ सूर्यचौरमा** दुर्घटना भएको हो
- दुर्घटना हुँदा सवार सबै ५ जनाको निधन भएको

## सुदूरपश्चिमकाे मुख्यमन्त्रीमा कमलबहादुर शाह नियुक्त

**सुदूरपश्चिमकाे मुख्यमन्त्रीमा कमलबहादुर शाह नियुक्त भएका छन्**



Aayog Tayari

- कहिले ?: २०८१ श्रावण २०
- नवनियुक्त मुख्यमन्त्री : कमलबहादुर शाह
- राजनीतिक दल : नेपाली कांग्रेस
- २०८१ श्रावण १८ गते मुख्यमन्त्री दीर्घबहादुर सोडारीले राजीनामा दिएपछि प्रदेश प्रमुख नजिर मियाँले दावी पेश गरेका शाहलाई मुख्यमन्त्रि नियुक्त गरेका हुन्

## हाल प्रदेशका मुख्यमन्त्री र नियुक्ती मिति

- कोशि : हिक्मतकुमार कार्की (२०८१ बैशाख २७)
- मधेश : सतिश कुमार सिंह (२०८१ जेठ २५)
- वागमती : बहादुर सिंह लामा (तामाङ) (२०८१ श्रावण ८)
- गण्डकी : सुरेन्द्रराज पाण्डे (२०८१ जेठ १६)
- लुम्बिनी : चेत नारायण आचार्य (२०८१ श्रावण ८)
- कर्णाली : यामलाल कडेल (२०८० चैत्र २७)
- सुदूरपश्चिम : कमल बहादुर शाह (२०८१ श्रावण २०)

## प्रदेश प्रमुख र नियुक्ती मिति :

- कोशि : परशुराम खापुङ्ग (२०७८ कात्तिक २३)
- मधेश : सुमित्रा सुवेदी भण्डारी (२०८० फागुन ३० )
- वागमती : दीपकप्रसाद देवकोटा (२०८१ श्रावण १६ )
- गण्डकी : डिल्लीराज भट्ट (२०८० फागुन ३० )
- लुम्बिनी : कृष्णबहादुर घर्तीमगर (२०८१ श्रावण १६)
- कर्णाली : यज्ञराज जोशी (२०८१ श्रावण १६)
- सुदूरपश्चिम: नजिर मियाँ (२०८० फागुन ३० )

*पछिल्लो अपडेट : २०८१ श्रावण २० गते सम्म*

## मिस नेपाल वर्ल्ड २०२४ : आस्माले जितिन उपाधि

मिस नेपाल वर्ल्ड २०२४ को उपाधि आस्माकुमारी केसीले जितेकी छिन

- कहिले ?: २०८१ श्रावण १९
- मिस नेपाल वर्ल्ड २०२४ : आस्माकुमारी केसी (काठमाडौं)
- मिस नेपाल अर्थ : सुमन केसी
- मिस नेपाल इन्टरनेसनल : करुणा रावत
- आयोजक : द हिडन ट्रेजर
- मिस नेपाल वर्ल्ड २०२३ सृच्छा प्रधान भएकी थिइन् ।

Aayog Tayari

- विस २०५१ (सन् १९९४)मा **मिस नेपाल** बनेकी **रुबीराणा शाह** नेपालकी प्रथम **मिस नेपाल** हुन् ।

## बागमती, लुम्बिनी र कर्णालीमा प्रदेश प्रमुख फेरिए

**बागमती, लुम्बिनी र कर्णालीमा प्रदेश प्रमुख फेरिएका छन्**

- **कहिले ? : २०८१ श्रावण १६**
- नव नियुक्त प्रदेश प्रमुखहरु :
  - **बागमती : दीपकप्रसाद देवकोटा,**
  - **कर्णाली : यज्ञराज जोशी,**
  - **लुम्बिनी : कृष्णबहादुर घर्तीमगर**
- राष्ट्रपतिले २०८१ श्रावण १६ गते नै बागमतीका प्रदेश प्रमुख यादवचन्द्र शर्मा, लुम्बिनीका प्रदेश प्रमुख अमिक शेरचन र कर्णालीका प्रदेश प्रमुख तिलक परियारलाई पदमुक्त गर्नुभएको थियो
- **प्रदेश प्रमुख सम्बन्धि व्यवस्था : संविधानको भाग १३ धारा १६३**
- प्रदेश प्रमुखले **राष्ट्रपति समक्ष पद तथा गोपनियताको सपथ** लिने व्यवस्था छ

## लीलादेवी गड्तौला बनिन् पहिलो महिला मुख्यसचिव

**लीलादेवी गड्तौला बनिन् पहिलो महिला मुख्यसचिव**

- कहिले ? : २०८१ श्रावण १०
- उनि **नेपालको २७ औं र पहिलो महिला मुख्य सचिव** बनेकी हुन्
- शाखा अधिकृतमा पहिलो नम्बरमा उत्तिर्ण गड्तौला २०६३ मा उपसचिव, २०७० मा सहसचिव,२०७७ मा सचिव र २०८१ असार ३१ मा कामु मुख्यसचिव बनेकी हुन् ।
- मुख्यसचिवको पदावधि = ३ बर्षको
- ५८ बर्षे उमेरहदका कारण उनि यहि २०८१ भदौ १५ मा अवकाश हुनेछिन

## योजना आयोगको उपाध्यक्षमा शिवराज अधिकारी नियुक्त

**योजना आयोगको उपाध्यक्षमा शिवराज अधिकारी नियुक्त भएका छन्**

- **कहिले ? : २०८१ श्रावण १०**
- **नव नियुक्त उपाध्यक्ष : शिवराज अधिकारी**
- अधिकारी त्रिभुवन विश्वविद्यालयको केन्द्रीय अर्थशास्त्र विभागका पूर्व प्रमुख हुन् ।
- नव नियुक्त सदस्यहरु : डा. आरपी बिच्छा, डा. रमेश सिंह, डा. प्रकाशकुमार श्रेष्ठ, गीताकुमारी पौडेल अधिकारी, डा. जयबहादुर टण्डन र गंगादत्त अवस्थी
- **योजना आयोगको अध्यक्ष प्रधानमन्त्री** हुने व्यवस्था रहेको छ

## त्रिभुवन विमानस्थलमा सौर्य एयरलाइन्सको जहाज दुर्घटना , १८ जनाको मृत्यु

**त्रिभुवन विमानस्थलमा सौर्य एयरलाइन्सको जहाज दुर्घटनाहुँदा १८ जनाको मृत्यु भएको छ**



Aayog Tayari

- **कहिले ?: २०८१ श्रावण ९**
- मर्मतको लागि **काठमाडौंबाट पोखरा जाँदै** गरेको जहाज ९ गते बिहान ११:११ मा दुर्घटना भएको हो,
- दुर्घटनामा १ जना घाइते र १८ जनाको निधन भएको छ

## मौद्रिक नीति २०८१/८२ : यस्ता छन् नयाँ प्रावधान

**नेपाल राष्ट्र बैंकले २०८१ श्रावण ११ गते आ.व. २०८१/८२ को मौद्रिक नीति सार्वजनिक गरेको छ ! जसका विशेषता देहाय बमोजिम रहेका छन्**

- ब्याजदर करिडोरको माथिल्लो सीमाको **बैंकदरलाई ७ प्रतिशतबाट ६.५ प्रतिशत** र **नीतिगत दर ५.५ प्रतिशतबाट ५.० प्रतिशत** कायम गरिएको छ । ब्याजदर कोरिडरको तल्लो सीमाको रुपमा रहेको ३.० प्रतिशतको निक्षेप संकलन दरलाई यथावत राखिएको।
- पुँजीकोषका उपकरणहरू तथा **नयाँ उपकरण प्रयोगलाई प्रोत्साहन** गर्ने ।
- असल कर्जामा गर्नुपर्ने विद्यमान १.२० प्रतिशत कर्जा नोक्सानी व्यवस्थालाई घटाएर १.१० प्रतिशत कायम गर्ने ।
- कर्जा खरिदबिक्रीको लागि गरिने जोखिम भारसम्बन्धी व्यवस्थामा आवश्यक पुनरावलोकन गर्ने ।
- विद्यमान **Regulatory Retail Portfolio** को सीमालाई रु. २ करोडबाट बढाएर अधिकतम रु २ करोड ५० लाख कायम गर्ने
- चालुपुँजी कर्जा मार्गदर्शनमा उल्लेखित variance Analysis गरी कर्जा समायोजन गर्न'पर्ने व्यवस्थालाई २०८२ साउन १ गतेबाट लागु हुने गरी समयावधि थप गरिने।
- लघु, घरेलु, साना एवम् मझौला उद्यमको लागि तोकिएको रु. १ करोडको सीमालाई पुनरावलोकन गरिने।
- परिस्थितिवश ऋण तिर्न नसकेका लघुवित्तका ग्राहकलाई निश्चित प्रतिशत ब्याज भुक्तानी गरी कर्जा पुनर्तालिकीकरण गर्न सक्ने व्यवस्था गरिने ।
- भेरियन्स एनालिसिस÷ गरी कर्जा समायोजन गर्नुपर्ने व्यवस्थालाई २०८२ साल साउन १ गतेदेखि लागू हुनेगरी समयावधि थप गर्ने तथा लघु, घरेलु, साना एवम् मझौला उद्यमका लागि तोकिएको एक करोड रुपैयाँको सीमालाई पुनरावलोकन गर्नेगरी चालू पूँजी कर्जा मार्गदर्शनमा संशोधन गरिने ।
- संस्थागत लगानीकर्ताहरुका लागि बैंक तथा वित्तीय संस्थाहरुले मार्जिन प्रकृतिको सेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम रु.२० करोडको सीमा खारेज गरिने ।
- ड्राफ्ट/टी.टी. को माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमा अमेरिकी डलर ३५ हजारबाट वृद्धि गरी अमेरिकी डलर ५० हजार कायम गरिनेछ ।
- सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा बनाएर सरकारलाई बुझाउने र कृत्रिम बौद्धिकता अर्थात् **'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई) मार्गदर्शन** तयार पार्ने
- मौद्रिक नीतिको कार्यान्वयनबाट मूल्य तथा बाह्य क्षेत्र स्थिरता र वित्तीय स्थायित्व कायम भई समष्टिगत आर्थिक स्थायित्व प्रवद्र्धन हुने, वित्तीय मध्यस्थता प्रभावकारी हुने, वित्तीय समावेशिकरण बढ्ने, भुक्तानी प्रणाली थप आधुनिक, सुरक्षित र भरपर्दो हुने तथा नेपाल सरकारले लिएको आर्थिक लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

Aayog Tayari

- **मुद्रास्फीति ५ प्रतिशत** कायम गर्ने

## गायक लक्ष्मीप्रसाद (एलपी) जोशीको निधन

**गायक लक्ष्मीप्रसाद (एलपी) जोशीको निधन भएको छ**

- **कहिले ?: २०८१ श्रावण १०**
- वि.सं. १९९३ मा धनकुटा बजारमा जन्मनुभएका गायक जोशीलाई जनस्तरबाट 'लोकगीतका सम्राट÷को उपाधि दिइएको थियो ।
- उहाँले **'रिटिङ रिटिङ नबजाऊ बिनायो, 'वल्लो खोलो पल्लो खोलो, कमिलाको गोलो हजुर, 'निगालो घारीमा च्याखुरा नाच्यो, 'कान्छी मटयाङटयाङ** लगायत दर्जनौं कालजयी गीत गाउनुभएको थियो ।

## नेपाल राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्को एशिया–प्रशान्त क्षेत्रको उपाध्यक्ष निर्वाचित

**नेपाल संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद् (इकोसक) को एशिया–प्रशान्त क्षेत्रको उपाध्यक्ष निर्वाचित भएको छ**

- कहिले ?: **२०२४ जुलाई २५ (२०८१ श्रावण १०)**
- ५४ सदस्यीय इकोसकमा नेपालको नेतृत्व संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि **लोकबहादुर थापा**ले गर्नुहुनेछ ।
- आगामी वर्ष नेपाल एसिया –प्रशान्त क्षेत्रको अध्यक्ष हुनेछ ।
- सन् २०२३ मा नेपाल संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्को सदस्यमा निर्वाचित भएको थियो

## प्रधानमन्त्री ओलीले पाए विश्वासको मत

**प्रधानमन्त्री ओलीले विश्वासको मत पाएका छन्**

- **कहिले ?: २०८१ श्रावण ६**
- **उपस्थित सदस्य संख्या : २६३**
- **पक्षमा प्राप्त मत : १८८**
- **विपक्षमा प्राप्त मत : ७४**
- **तटस्थ : १**
- केपी शर्मा ओली **२०८१ असार ३०** गते प्रधानमन्त्री नियुक्त भएका थिए

## नेपाल र किरिबाटि बीच कुटनीतिक सम्बन्ध स्थापना

**नेपाल र किरिबाटि बीच कुटनीतिक सम्बन्ध स्थापना भएको छ**

- कहिले ?: **२०२४ जुलाई १७ (२०८१ श्रावण २)**

- कतिऔं देश ?: १८३ औं

## किरिबाटिको बारेमा जानकारी :

- भौगोलिक क्षेत्र : मध्य प्रशान्त महासागरको एक टापु देश (ओसेनिया)
- क्षेत्रफल : ८११.१९ बर्ग किमी
- जनसंख्या : १,२१,३८८ जना
- मुद्रा : अष्ट्रेलियन डलर
- राजधानी : तारावा
- राष्ट्रपति : तनेती मामउ
- संयुक्त राष्ट्रसंघको सदस्य : १४ सेप्टेम्बर १९९९

## नेपाल संग कुटनीतिक सम्बन्ध स्थापना भएका पछिल्ला देशहरु :

- किरिबाटि : १८३ औं ( २०२४ जुलाई १७ )
- टोंगो : १८२ औं (२०२४ मार्च १ )
- मार्सल आइसल्याण्ड : १८१ औं (२०२३ जुन २३ )
- क्यामरुन : १८० औं (२०२३ जुन २२)
- नाउरु : १७९ औं (२०२३ मे ४)

## रमेश बडाल महान्याधिवक्ता नियुक्त

रमेश बडाल महान्याधिवक्ता नियुक्त भएका छन्

- कहिले ?: २०८१ श्रावण २
- सपथ तथा पदभार : २०८१ श्रावण ३
- सपथ : प्रधानन्यायाधीश समक्ष
- प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारसिमा राष्ट्रपति रामचन्द्र पौडेल द्वारा नियुक्त गरिएको हो,

## मुस्ताङमा भेटियो नयाँ प्रजातिको चरा

मुस्ताङमा नयाँ प्रजातिको चरा भेटिएको छ

- चराको नाम : तालुधर्से अर्जुनक
- अङ्ग्रेजी नाम : स्पोटेड फ्लाइक्याचर (Spotted Flycatcher)
- वैज्ञानिक नाम : मुसिकापा (Muscicapa Striata)
- भरिएको स्थान र मिति : राविद् सञ्जय था श्रेष्ठ र शङ्कर तिवारीले समुद्री सतहदेखि तीन हजार ६ सय ५० मिटर उचाइको समर क्षेत्रमा , २०८१ श्रावण २ गते उक्त चरा भेटाएका थिए
- अब नेपालमा पाइने चराको जम्मा प्रजाति संख्या : ८९६ प्रजाति

## आ.व. २०८०/८१ मा सार्वजनिक ऋणको अवस्था

**सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार २०८१ असार मसान्तसम्मको तथ्यांक हेर्दा देशमा सार्वजनिक ऋण थप वृद्धि भएको छ**

- जम्मा सार्वजनिक ऋण : २४ खर्ब ३४ अर्ब तीन करोड ६५ लाख
- GDP को तुलनामा सार्वजनिक ऋण : ४२.६५%
- आन्तरिक ऋण : ११ खर्ब ८० अर्ब ९० करोड १८ लाख (GDP को २०.७०% र सार्वजनिक ऋणको ४८.५%)
- बाह्य ऋण : १२ खर्ब ५२ अर्ब ३३ करोड ७६ लाख (GDP को २१.९५% र सार्वजनिक ऋणको ५१.५%)

## शक्तिशाली पासपोर्ट सूचीमा नेपाल ९८ औं स्थानमा

**शक्तिशाली पासपोर्ट सूचीमा नेपाल ९८ औं स्थानमा परेको छ**

- सूचकांक : हेन्ले पासपोर्ट सूचकांक २०२४ (जुलाई, २०२४)
- **नेपालको स्थान : ९८ औं**
- सन् २०२४ को फेब्रुअरीमा नेपाल १०३ औं स्थानमा रहेको थियो
- नेपालको भिसा फ्रि स्कोर ३९ रहेको छ
- यसको अर्थ नेपाललाइ ३९ देशले अन अराइभल भिसा दिन्छन
- **सूचिको शिर्ष स्थानमा रहेको देश : सिंगापुर (भिसा फ्रि स्कोर १९५)**

**सूचिको अन्तिममा रहेका ५ देश**

- ९९ औं : सोमालिया (३५)
- १०० औं : यमन (३३)
- १०० औं : पाकिस्तान (३३)
- १०१ औं : इराक (३१)
- १०२ औं : सिरिया (२८)
- १०३ औं : अफगानिस्तान (२६)

**सार्क देशको स्थान र भिसा फ्रि स्कोर :**

- माल्दिभ्स : ५२ औं (९४)
- भारत : ८२ औं (५८)
- भुटान : ८७ औं (५२)
- श्रीलंका : ९३ औं (४४)
- बंगलादेश : ९७ औं (४०)
- नेपाल : ९८ औं (३९)



Aayog Tayari

- पाकिस्तान : १०० औं (३३)
- अफगानिस्तान : १०३ औं (२६)

## अन्तराष्ट्रिय समसामायिक

### पाएटोङ्गटार्न सिनावत्रा थाइल्यान्डको प्रधानमन्त्रीमा नियुक्त

**पाएटोङ्गटार्न सिनावत्रा थाइल्यान्डको प्रधानमन्त्रीमा नियुक्त भएकी छिन**

- **कहिले ? : १६ अगस्त २०२४**
- ३७ वर्षीय सिनावत्रा **थाइल्याण्डकी सबैभन्दा कान्छी र दोस्रो महिला प्रधामन्त्री** बनेकी छिन
- पूर्वप्रधानमन्त्री सेटा टवीसिनलाई संवैधानिक अदालतले बर्खास्त गरेको भोलिपल्ट सिनावत्रा प्रधानमन्त्री बनेकी हुन् ।
- उनि थाइल्यान्डका पूर्वनेता तथा अर्बपति **थाक्सिन सिनावत्राकी छोरी** हुन् ।

### बंगलादेशमा राजनीतिक संकट : हसिनाको राजिनामा

**युनुस बने अन्तरिम सरकार प्रमुख**

- बंगलादेशमा आरक्षण विरोधी विद्यार्थी आन्दोलनले अन्तत राजनीतिक परिवर्तन गरेको छ
- **शेख हसिना द्वारा राजिनामा : ५ अगस्त २०२४ (२०८१ श्रावण २१)**
- अन्तरिम सरकार प्रमुखमा **नोबेल शान्ति पुरस्कार विजेता प्रोफेसर मोहम्मद युनुस नियुक्त**
- **नियुक्ती मिति : ७ अगस्त २०२४ (सपथ ९ अगस्त २०२४)**
- युनुस नेतृत्वको १७ सदस्यीय अन्तरिम सरकारमा आरक्षणविरोधी आन्दोलनको नेतृत्व गर्ने दुई जना विद्यार्थी नेता नासिद इस्लाम र आसिफ महमुद पनि रहेका छन्

### एमपक्स को प्रकोप फैलिएपछि WHO द्वारा आपतकालको घोषणा

**'एमपक्स' को प्रकोप फैलिएपछि WHO द्वारा आपतकालको घोषणा**

- **घोषणा मिति : २०२४ अगस्त १४ (२०८१ असार ३०)**
- पहिलो मङ्कीपक्स भनेर चिनिने यो रोगलाई हाल mpox मात्र भनिन्छ
- पछिल्लो समय यो सङ्क्रमण मध्य र पूर्वी अफ्रिकामा फैलिरहेको विश्व स्वास्थ्य संगठनले जनाएको छ

**MPOX बारे केहि तथ्यहरु :**

- **यो रोग : भाइरसको कारण लाग्दछ**
- **भाइरसको नाम : Monkeypox Virus**


Aayog Tayari

- यसको लक्षण २ देखि ४ हप्तामा देखिन्छ
- Monkeypox virus **पहिलो पटक सन् १९५८ मा डेनमार्कमा** रिसर्चको लागि राखिएका **बाँदरमा** देखिएको थियो
- **मानिसमा यो भाइरस सन् १९७० मा कंगोमा** पहिलोपटक भेटिएको थियो
- Monkeypox virus लाई लिएर WHO ले सन् २०२२ मा पनि आपतकालको घोषणा गरेको थियो

## ब्राजिलको साओ पाउलोमा विमान दुर्घटना

**भोपस एयरलाइन्सको ATR 72 विमान दुर्घटना भएको**

- **कहिले ?:** **२०२४ अगस्त ९**
- परानाको कास्केभेलबाट साओ पाउलो शहरको ग्वारुल्होस विमानस्थलमा उडिरहेको विमान भिन्हेडो शहरमा खसेको हो।
- दुर्घटनामा सबै ६१ जनाको निधन भएको छ



# खेलकुद समसामयिक

## यूईएफए सुपर कपको उपाधि रियललाई

**यूईएफए सुपर कपको उपाधि रियललाई**

- फाइनल खेल : १४ अगस्त २०२४

Aayog Tayari

- विजेता : रियल मड्रिड
- उप-विजेता : एटलान्टा
- रियल मड्रिडले कीर्तिमानी छैटौं पटक सुपर कपको उपाधि जितेको हो ।
- मड्रिडले यसअघि सन् २००२, २०१४, २०१६, २०१७ र २०२२ मा उपाधि जितेको थियो ।
- यस्तै बार्सिलोना र एसी मिलानले समान पाँच पटक उपाधि जितेका छन् ।

## पेरिस ओलम्पिक २०२४ : अमेरिकाले जित्यो सर्वाधिक पदक

**३३ औं ग्रीष्मकालीन ओलम्पिक फ्रान्सको पेरिसमा समापन भएको छ**

- कहिले ? : २०२४ जुलाई २६ देखि २०२४ अगस्त ११
- संस्करण : ३३ औं
- प्रतियोगिताको नारा : **Games Wide Open**
- प्रतियोगिकाको मस्कट : फ्रिजेस ( फ्रान्सेली क्रान्तिको प्रतिक)
- सहभागी देश : २०६
- सहभागी खेलाडी : १०,७१४
- खेलाइने खेलको संख्या : ३२
- इभेन्ट्स : ३२९
- उद्घाटन : फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोन
- ३२ औं संस्करणः सन् २०२० मा जापानको टोकियोमा आयोजना गरिएको
- ३४ औं संस्करण : सन् २०२८ मा लस एन्जलस, अमेरिकामा आयोजना गरिने

**पदक तालिकाका शिर्ष ५ देशहरु :**

| क्रम | देश | स्वर्ण | रजत | काश्य | जम्मा पदक |
|---|---|---|---|---|---|
| १ | अमेरिका | ४० | ४४ | ४२ | १२६ |
| २ | चिन | ४० | २७ | २४ | ९१ |
| ३ | जापान | २० | १२ | १३ | ४५ |
| ४ | अष्ट्रेलिया | १८ | १९ | १६ | ५३ |
| ५ | फ्रान्स | १६ | २६ | २२ | ६४ |
| ६ | नेदरल्याण्ड | १५ | ७ | १२ | ३४ |
| ७ | बेलायत | १४ | २२ | २९ | ६५ |
| ८ | दक्षिण कोरिया | १३ | ९ | १० | ३२ |
| ९ | इटाली | १२ | १३ | १५ | ४० |
| १० | जर्मनी | १२ | १३ | ८ | ३३ |

**पेरिस ओलम्पिकमा नेपालको सहभागिता :**

- पेरिस ओलम्पिकमा नेपाल पदक विहिन भएको छ
- **नेपालले भाग लिएका खेल : ६**
- **नेपालबाट भाग लिएका खेलाडी : ७**
- **खेल र खेलाडी :**
    - **टेबलटेनिस : स्यान्टु श्रेष्ठ**
    - **जुडो : मनिता श्रेष्ठ प्रधान**
    - **एथलेटिक्स : सन्तोषी श्रेष्ठ**
    - **ब्याडमिन्टन : प्रिन्स दाहाल**
    - **पौडी : एलेक्जेन्डर शाह र डुवाना लामा**
    - **सुटिङ : सुस्मिता नेपाल**
- उद्घाटन समारोहमा **नेपालको झन्डा टेबलटेनिसका स्यान्टु श्रेष्ठ र जुडोकी मनिता श्रेष्ठ प्रधानले** संयुक्त रूपमा बोकेका
- टेबलटेनिस र ब्याडमिन्टनमा नेपालले पहिलोपटक सहभागिता जनाएको

## काभा महिला भलिबल नेशन्स लिगको उपाधि भारतलाई

**काभा महिला भलिबल नेशन्स लिगको उपाधि भारतलाई, नेपाल उपविजेतामै सिमित**

- **फाइनल खेल : २०८१ श्रावण २३**
- **विजेता : भारत**
- **उप-विजेता : नेपाल**
- फाइनलमा भारतले नेपाललाई ३—२ को सेटमा हरायो ।
- प्रतियोगितामा नेपाल, भारत, श्रीलङ्का, इरान र माल्दिभ्स गरी पाँच वटा देश सहभागी थिए ।
- **नेपाली टोलीको कप्तान : अरुणा शाही**

## नेपालले जित्यो काभा महिला बिच भलिबलको उपाधि

**काभा महिला बिच भलिबलको उपाधि नेपालले जितेको छ**

- **फाइनल खेल : २०८१ श्रावण १९**
- **विजेता : नेपाल**
- **उप-विजेता : उज्वेकिस्तान 'ए'**
- **आयोजक : भुटान**

**पुरुष तर्फ नेपाल दोस्रो :**

- नेपालको मानबहादुर श्रेष्ठ र दिलबहादुर सुनारको जोडी फाइनलमा **माल्दिभ्स**को जोडीसँग २—० को सेटमा पराजित भएर दोस्रो भएको हो ।

Aayog Tayari

## २०२५ र २०२७ को एसियाकप आयोजक छनोट

**२०२५ र २०२७ को एसियाकप आयोजक छनोट**

- एशियाली क्रिकेट काउन्सिल (एसीसी) ले १७ औं र १८ औं संस्करणको एसियाकपको आयोजक टुंगो लगाएको छ
- **१७ औं एसियाकप (२०२५) : भारतले आयोजना गर्नेछ**
- **१८ औं एसियाकप (२०२७) : बंगलादेशले आयोजना गर्नेछ**
- सन् २०२६ को टी—२० विश्वकप पनि भारतले नै आयोजना गर्दैछ
- एशिया कपमा भारत सबैभन्दा सफल टिम हो, उसले अहिलेसम्म आठ पटक उपाधि जितेको छ ।

## दिवस र नाराहरु

## अन्तराष्ट्रिय युवा दिवस २०२४

**अन्तराष्ट्रिय युवा दिवस २०२४ मनाइएको छ**

- **कहिले ?: १२ अगस्त २०२४**
- हरेक बर्षको **अगस्त १२** मा अन्तराष्ट्रिय युवा दिवस मनाउने गरिन्छ
- राष्ट्रिय नारा : **'दिगो विकास लक्ष्यमा प्रगति र समृद्धि : डिजिटल प्रविधिमा युवा पहुँच अभिवृद्धि÷**
- २०२४ को नारा : **'From Clicks to Progress: Youth Digital Pathways for Sustainable Development.'**
- **मनाउन थालिएको : सन् २००० देखि**
- **नेपालमा पहिलो पटक सन् २००४ देखि यो दिवस मनाउन थालिएको**

## ३० औं अन्तर्राष्ट्रिय आदिवासी दिवस २०२४

**३० औं अन्तर्राष्ट्रिय आदिवासी दिवस २०२४ मनाइएको छ**

- **कहिले ?: ९ अगस्त २०२४ (२५ श्रावण २०८१)**
- हरेक बर्षको अगस्त ९ मा अन्तर्राष्ट्रिय आदिवासी दिवस मनाउने गरिन्छ
- **यस बर्षको नारा : *"Protecting the Rights of Indigenous Peoples in Voluntary Isolation and Initial Contact"***
- ***राष्ट्रिय नारा :'संविधान प्रदत्त अधिकार आदिवासीहरूको विशेष क्षेत्र, संरक्षित क्षेत्र र स्वायत्त क्षेत्र कार्यान्वयन गर, प्रदेश र स्थानीय तहको सरकारी कामकाजको भाषामा आदिवासी जनजातिको भाषा लागु गर÷'***

**इतिहाँस**

- संयुक्त राष्ट्रसंघको सोही कार्यदलको सन् १९९० को सुझावमा सन् १९९३ लाई संयुक्त राष्ट्रसंघले अन्तराष्ट्रिय आदिवासी वर्ष घोषणा गरयो।
- त्यसको अर्को बर्ष सन् **१९९४ को अगस्त ९ मा पहिलोपल्ट विश्व आदिवासी दिवस मनाइएको** थियो
- नेपालमा पनि सन् १९९४ देखिने विश्व आदिवासी दिवस मनाउदै आइएको छ
- संयुक्त राष्ट्रसंघले दुइवटा अन्तराष्ट्रिय दशकहरु (पहिलो सन् १९९५ देखि २००४ र दोस्रो २००५ देखि २०१४ सम्म) घोषणा गरेको थियो ।
- त्यसैले पुनः संयुक्त राष्ट्रसंघकै आह्वानमा सन् २०१९ लाई विश्व आदिवासी भाषा वर्ष र **सन् २०२२ देखि २०३२ सम्म अन्तराष्ट्रिय आदिवासी भाषा दशक मनाउने** घोषणा गरेको छ ।

## राष्ट्रिय भू-संरक्षण दिवस २०८१

**राष्ट्रिय भू-संरक्षण दिवस २०८१ मनाइएको छ**

- **कहिले ? : २०८१ श्रावण २४**
- २०८१ मा कुनै नारा तय नगरिएको,
- २०८० को नारा : "जलवायु अनुकुलनको आधार, व्यवस्थित एकीकृत जलाधार"
- भू—क्षय कम गरी जमिनको उर्वराशक्ति कायम राख्न तथा पूर्वाधार संरक्षण गर्ने उद्देश्यले **२०३१ साउन २४ गतेदेखि दिवस मनाउन थालिएको** हो ।

## विश्व स्तनपान सप्ताह २०२४

**विश्व स्तनपान सप्ताह २०२४ मनाइएको छ !**

- **कहिले ? : २०२४ अगस्त १-७ सम्म**
- **२०२४ को नारा :**
- **राष्ट्रिय : 'स्तनपानमा समानताः सबैको सहयोग र सहभागिता'**
- **अन्तराष्ट्रिय : "Closing the gap: Breastfeeding support for all."**

**इतिहाँस :**

सन् १९९० मा इटलीमा सरकारी नीति निर्माताहरू, विश्व स्वास्थ्य संगठन, युनिसेफ र सरोकारवालालगायत अन्य संघसंस्थाका प्रतिनिधिहरूको एक भेला भयो । उक्त भेलाले 'इन्नोसेन्टी घोषणापत्र' जारी गर्‍यो । उक्त भेलामा विश्वव्यापी रूपमा स्तनपान प्रवर्द्धनका लागि अगस्त १ देखि ७ तारिखसम्म 'स्तनपान सप्ताह' मनाउने निर्णय गरेको थियो । यसैअनुसार सन् १९९२ मा विश्वव्यापी रूपमा 'स्तनपान सप्ताह' मनाउन थालिएको पाइन्छ ।

## बाँसुरी दिवस २०८१

**बाम्बुले राईहरुले आठौं बाँसुरी दिवस मनाएका छन्**

- कहिले ? : २०८१ श्रावण १५ गते
- नारा : 'किराती लोक परम्पराको निरन्तरता÷
- दिवस मनाउने समुदाय : बाम्बुले राई
- क्षेत्र : ओखलढुंगा, खोटाङ, उदयपुर, सिन्धुली जिल्ला
- २०७४ सालदेखि साउन १५ लाई औपचारिक रूपमा बाासुरी दिवस मनाउन थालिएको हो,
- राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार वाम्बुले भाषा बोल्नेको संख्या १५ हजार २ सय ८५ जना रहेको छ ।

## अन्तराष्ट्रिय मित्रता दिवस २०२४

**अन्तराष्ट्रिय मित्रता दिवस २०२४ मनाइएको छ**

- कहिले ? : ३० जुलाई २०२४
- हरेक बर्षको जुलाई ३० मा अन्तराष्ट्रिय मित्रता दिवस (International Day of Friendship) मनाउने गरिन्छ
- सन् २०२४ को नारा : **"Embracing Diversity, Fostering Unity"**
- अनौपचारिक रुपमा पाराग्वेबाट सन् १९५८ बाट मनाउन थालिएको थियो
- सन् २०११ मा बसेको संयुक्त राष्ट्रसंघको महासभाले औपचारीक रुपमा जुलाई ३० मा अन्तराष्ट्रिय मित्रता दिवस मनाउने निर्णय गरेको थियो !
- *केहि देशहरुले भने यो दिवस अगस्त महिनाको पहिलो आइतबार मनाउने गर्दछन*

## चौथो कोदो दिवस २०८१

**चौथो कोदो दिवस २०८१ मनाइएको छ**

- कहिले ? : २०८१ श्रावण १५
- वि.स. २०७८ साल देखि यो दिवस मनाउन थालिएको हो
- सरकारले औपचारिक घोषणा नगरेको भए पनि अनौपचारिक रुपमा यो दिवस मनाउन थालिएको हो
- संयुक्त राष्ट्रसङ्घले सन् २०२३ लाई 'अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष' के रुपमा मनाएको थियो ।

## मानव बेचबिखन विरुद्धको अन्तराष्ट्रिय दिवस २०२४

**World Day Against Trafficking in Persons (WDATIP) 2024**

- कहिले ? : २०२४ जुलाई ३०
- हरेक बर्षको जुलाई ३० मा मानव बेचबिखन विरुद्धको अन्तराष्ट्रिय दिवस मनाउने गरिन्छ
- सन् २०२४ को नारा : **"Leave No Child Behind in the Fight Against Human Trafficking" (मानव बेचबिखन विरुद्धको लडाइमा कुनै पनि बालबालिकालाई पछाडी नछाडौ)**

Aayog Tayari

- सन् २०१३ देखि यो दिवस मनाउन थालिएको हो

## अन्तराष्ट्रिय बाघ दिवस २०२४

**अन्तराष्ट्रिय बाघ दिवस २०२४ मनाइएको छ**

- **कहिले ?** : **२०२४ जुलाई २९**
- २०२४ को नारा
  - **राष्ट्रिय** : **'मानव-बाघ सहअस्तित्व र समृद्धि"**
  - अन्तराष्ट्रिय : **कुनै नारा तय नगरिएको**
- **कहिले देखि मनाइएको ?** : **सन् २०११**
- विश्वमा बाघ पाइने देशहरु : **१३ वटा** (बंगलादेश , भियतनाम , कम्बोडिया, भारत, भुटान, थाइल्याण्ड , इण्डोनेसिया, लाओस, चिन, मलेसिया, रुस, नेपाल र म्यानमार )
- नेपालमा हाल बाघको संख्या : ३५५
- नेपालमा बाघ गणना **प्रत्येक ४/४ बर्षमा** गरिन्छ (पछिल्लो सन् २०२१-२२)
- बाघ सम्बन्धि अभियान : **Tx2 (टि इन्टु टु अभियान)**
- नेपालले सन् २०२२ सम्म बाघको संख्या २५० पुर्याउने लक्ष्य राखेको थियो

## विश्व हेपाटाइटिस दिवस २०२४

**विश्व हेपाटाइटिस दिवस २०२४ मनाइएको छ ।**

- कहिले ? : **२०२४ जुलाई २८**
- हरेक बर्ष जुलाई २८ मा विश्व हेपाटाइटिस दिवस मनाइन्छ
- **सन् २०२४ को नारा** : **It's Time for Action**
- **सन् २०२३ को नारा** : **One life, one liver**
- हेपाटाइटिस B पत्ता लगाउने वैज्ञानिक Dr Baruch Blumberg को जन्मदिनको सम्झनामा यो दिवस जुलाई २८ मा मनाउने गरिन्छ ।

Aayog Tayari

# पुरस्कार र सम्मान

## मदन पुरस्कारका लागि उत्कृष्ट पाँच पुस्तक सार्वजनिक

**मदन पुरस्कारका लागि उत्कृष्ट पाँच पुस्तक सार्वजनिक** गरिएको छ

- मदन पुरस्कारको श्रेष्ठ सूची सार्वजनिक गरिएको छ
- सूचीमा पर्न सफल पुस्तक र लेखक देहायबमोजिम रहेकाछन्
    - **डम्फुको आत्मालाप - भक्त स्याङतान**
    - **नुन—तेल -जीवन क्षेत्री,**
    - **भावलिपि - भावेश भुमरी र प्रणिता चामलिङ,**
    - **मुकाम रणमैदान - मोहन मैनाली**
    - **सन्त्रासका साठी दिन - रोशन थापा 'नीरव'**
- यिनैमध्येबाट एक पुस्तकलाई २०८० को मदन पुरस्कार प्रदान गरिने छ

## प्रकाश मानव अधिकार पुरस्कार २०८१

**प्रकाश मानव अधिकार पुरस्कार २०८१ घोषणा गरिएको छ**

- **कसलाई ? : पूर्णिमाया लामा**
- **पुरस्कार प्रदान गर्ने निकाय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
- सङ्क्रमणकालीन न्यायका लागि सङ्घर्षरत काभ्रेकाे नमोबुद्ध नगरपालिका—९ दाप्चा कि पुर्निमायाले उक्त पुरस्कार प्राप्त गरेकी छिन
- पुरस्कार राशि ५० हजार रुपैया रहेको छ
- इन्सेकका संस्थापक महासचिव **प्रकाश काफ्लेको स्मृतिमा** यो पुरस्कारको स्थापना गरिएको हो

## थिन्लेले जितिन बोक्कालिनो डिओर पुरस्कार

**अभिनेत्री थिन्ले ल्हामोले बोक्कालिनो डिओर पुरस्कार जितेकी छिन**

- चलचित्र 'शाम्बाला' ले स्वीट्जरल्यान्डमा भएको विश्वप्रसिद्ध **लोकार्नो चलचित्र महोत्सव**' को ७७ औं संस्करणमा अवार्ड जित्न सफल भएको छ ।
- 'शाम्बाला÷ चलचित्रमा अभिनय गरेकी अभिनेत्री **थिन्ले ल्हामोले 'बोक्कालिनो डिओर' पुरस्कार** अर्थात् अवार्ड प्राप्त गरेकी छन् ।
- युरोपभरका फिल्म समीक्षकले उत्कृष्ट अभिनय गर्ने कुनै एक कलाकारलाई यो अवार्ड प्रदान गर्छन् ।
- कुनै दक्षिण एशियाली कलाकारले यो क्रिटिक अवार्ड जितेको पहिलो पटक हो ।
- अभिनेत्री ल्हामोले 'उत्कृष्ट अभिनय प्रस्तुति' विधामा अवार्ड पाएकी हुन्

## विभिन्न व्यक्तित्वको निधन मिति

| नाम | निधन मिति | भूमिका / योगदान |
|---|---|---|
| प्रकाश तिमिल्सिना | २०८१ साउन २६ | गायक |
| श्रवणकुमार अग्रवाल | २०८१ साउन २१ | उद्योग / संविधानसभा सदस्य |
| गुरुदेव कामत | २०८१ साउन १७ | गायक / संगीतकार |



Aayog Tayari

| | | |
|---|---|---|
| एल पी जोशी | २०८१ साउन १० | गायक |
| राजकुमार नकर्मी | २०८१ साउन १० | मेयर, किर्तिपुर न.पा. |
| अम्बिका श्रेष्ठ | २०८१ साउन ३ | पर्यटन व्यवसायी |

